NSW GOVERNMENT | Education

# आमा बुबा अनलाइन भुक्तानी

## आमाबाबु र संरक्षकहरूको लागि जानकारी

अब आमाबाबुको लागि Westpac द्वारा होस्ट गरिएको सुरक्षित भुक्तानी पृष्ठ मार्फत छात्रहरूको रकमको लागि विद्यालयमा अनलाइन बाट भुक्तानी गर्न सम्भव छ। भुक्तानीहरू Visa वा MasterCard क्रेडिट कार्ड वा डेबिट कार्ड प्रयोग गरेर कम्प्युटर, ट्याब्लेट वा मोबाईल फोन मार्फत गर्न सकिन्छ। भुक्तान पृष्ठ विद्यालयको वेबसाइटको अगाडिको पेजबाट $ Make a payment ($ भुक्तान गर्नुहोस्) चयन गरेर गर्न सक्नुहुनेछ।

Westpac ले हालैमा प्रणालीलाई विस्तृत जानकारी प्रविष्ट गर्न अनुमति दिएको छ र आमाबाबुले स्वत: भरण विकल्प प्रयोग गरेर भुक्तानी गर्न सक्षम हुन्छन्, यसैले उनीहरुको विवरण पुन:  पेश गर्न सक्दैनन्। भुक्तानी अब क्रेडिट कार्ड मार्फत वा बैंक खाताबाट सिधा डेबिट मार्फत गर्न सकिन्छ।

भुक्तानी गर्न सकिनेहरूमा स्वैच्छिक विद्यालय योगदान, विषय योगदानहरू, शैक्षिक भ्रमणहरू, विद्यार्थीहरूको बिक्री र रचनात्मक र व्यावहारिक कला गतिविधिहरूमा समावेश (यसमा बाँध्य्य, नाटक र नृत्य समावेश छन्)। त्यहाँ  ‘ अन्य’  नामक प्रकार पनि छ जुन अघिल्लो शीर्षकहरूमा समावेस छैन, ‘अन्य’ विद्यालयको पूर्ण भुक्तानी गर्न खाताको विवरण गर्न प्रयोग गर्न सकिन्छ।

जब तपाईंले $ Make a payment प्रयोग गर्नुपर्दछ तपाईंले भर्नुपर्ने कुराहरु:

- विद्यार्थीको नाम
- कक्षा
- जन्म मिति

यी विवरणहरू प्रत्येक पटक भुक्तानी गर्दा भर्नु पर्दछ किनकी भुक्तानी प्रणाली भित्र विद्यार्थीको जानकारीहरु संञ्चय गरिएको हुँदैन।

यो एक सुरक्षित भुक्तान प्रणाली Westpac द्वारा होस्ट गरिएको छ ता कि तपाईंको क्रेडिट कार्ड वा डेबिट कार्ड विवरण सुरक्षित तरिकाले प्रयोग गर्न सकिन्छ। यी विवरणहरू विद्यालयमा दिईएको हुन्न।

तपाइँसँग भुक्तानी प्रक्रिया गर्नु अघि भुक्तानीको कुनै पनि विवरण जाँच गर्न र परिवर्तन गर्ने मिल्नेछ। रसिदहरू ईमेल गर्न र / वा छाप्न सकिन्छ।

भुक्तानीहरूको विवरण दैनिक रुपमा विद्यालयमा पठाइएको छ जुन तपाईंको बच्चाको खाताको जुराउन प्रयोग गरिनेछ। भुक्तानी पृष्ठबाट एक रसिद तपाईंलाई जारी गरिएको हुन्छ र विद्यालय द्वारा थप रसीद जारी गरिनेछैन।

अनलाइन भुक्तानी प्रक्रियाको सन्दर्भमा कुनै पनि प्रश्नहरूको लागि कृपया विद्यालयको प्रशासनिक कार्यालयलाई सम्पर्क गर्नुहोस्।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई विद्यालयलाई सम्पर्क गर्न अंग्रेजीमा सहयोगको आवश्यक छ भने कृपया टेलिफोन दोभाषे सेवा  मा 131 450 मा  फोन गर्नुहोस्, तपाईलाई कुन भाषा चाहिन्छ र सञ्चालकलाई विद्यालयलाई फोन गर्न भन्नुहोला। अपरेटरले तपाईंको कुराकानीलाई सहयोग गर्न लाइनमा एक अनुवादक उपलब्ध गराईदिनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क: लगाइनेछैन।